# मतदानस्थल यकिन गर्ने बारे निर्वाचन आयोगको सूचना!

आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आयोगले आम मतदाताको सहजता तथा सुविधाको लागि विभिन्न मतदान स्थलहरू पुनरावलोकन गरेको छ । पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए हाल सञ्चालन भईरहेको मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रममा यही ***मंसिर २६ गते भित्र*** नामावलीमा रहेको त्रुटि सच्याउने, नाम हटाउने, दावी विरोध गर्ने कामका अतिरिक्त ***एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नको लागि निवेदन दिन सक्ने सुविधा*** समेत रहेको छ । यदि कुनै मतदाताले सम्बन्धित वडा भित्रकै अर्को मतदानस्थलमा आफ्नो नाम सार्न चाहेमा सम्बन्धित निर्वाचन कार्यालय गई वा आयोगको वेवसाइट (https://applyvr.election.gov.np) मार्फत अनलाइन निवेदन दिनुहुन आयोग हार्दिक अनुरोध गर्दछ ।